**अनुसूची- २**

**(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)**

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-२, संख्या-१०, मिति-२०७५।१०।१७**

**भाग-२**

नेपालको संविधान बमोजिम मोदी गाउँसभाले बनाएको देहाय बमोजिमको नियमावलि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मोदी गाउँपालिका

## स्थानीय तह युवा विकास समिति नियमावली, २०७५

**प्रमाणीकरण र प्रकाशन मिति**

२०७५।००।००

**प्रस्तावना:**

युवाको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका साथै शिक्षा, सीप, उद्यमशीलता र रोजगारीलाई प्रबर्द्धन गर्दै स्थानीय स्रोत र साधनको अधिकतम उपयोगबाट समुन्नत स्थानीय तह निर्माणका लागि युवासम्बन्धी नीति निर्माणदेखि कार्यान्वयन तहसम्म उनीहरुको सार्थक सहभागिता बृद्धि गरी विकासमा मूलप्रवाहीकरण गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २० को अधिकार प्रयोग गरी मोदी गाउँपालिकाको ........ कार्यपालिकाले यो नियमावली बनाएको छ ।

### परिच्छेद-१

**प्रारम्भिक**

१.**संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस नियमावलीको नाम "स्थानीय तह युवा विकास समिति नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली प्रमाणीकरण भएको दिनदेखि प्रारम्भ हुनेछ ।

२.**परिभाषा** :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्ष सम्झनुपर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस नियमावली अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ङ) "समिति" भन्नाले नियम ३ बमोजिम स्थापना भएको स्थानीय तह युवा विकास समिति सम्झनुपर्छ ।

(छ) "युवा" भन्नाले राष्ट्रिय युवा परिषद् ऐनले परिभाषित गरेबमोजिमको व्यक्ति सम्झनुपर्छ ।

(ज) "विशेष समुदायको युवा" भन्नाले द्वन्द्व पीडित, जोखिममा परेका, दलित, दुर्गम तथा गरिबीको रेखामुनि रहेका, अपाङ्गता भएका वा सीमान्तकृत अल्पसङ्ख्यक समुदायका युवा सम्झनुपर्छ ।

(झ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष र सदस्यसचिव समेतलाई जनाउँछ ।

(ञ) "क्लब" भन्नाले टोल र वडामा गठन हुने युवाको क्लबलाई जनाउँछ ।

## परिच्छेद -२

## समितिको गठन, काम, कर्तव्य र अधिकार

३. **समितिको गठन** :

(१) स्थानीय तह युवा विकास समितिको गठन देहायबमोजिम हुनेछः-

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) गाउँ पालिकाले मनोनयन गरेको युवा -उपाध्यक्ष

(ग) युवा विकासको क्षेत्रमा योगदान गरेकामध्ये समितिले मनोनित गरेको एक जना -सदस्य

(घ) राष्ट्रिय युवा परिषदमा आवद्धता भएका संघ संस्था मध्येबाट समितिले मनोनित गरेको एक जना -सदस्य

(ङ) वडा युवा क्लबबाट समितिले मनोनित गरेको दुई जना महिला सहित तीन जना -सदस्य

(च) सामाजिक विकास समिति संयोजक -सदस्य

(छ) विशेष क्षेत्रका युवा मध्येबाट एक जना -सदस्य

(ज) युवा उद्यमीहरु मध्येबाट एक जना -सदस्य

(झ) प्रमूख प्रशासकिय अधिकृत -सदस्यसचिव

(२) मनोनीत सदस्यहरुको पदावधि चार बर्षको हुनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा स्थानीय सरकारले निजलाई जनुसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम मनोनीत सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(५) नियम ३. उपनियम (१) खण्ड (ख) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण भएको तथा युवाको हक, हितको संरक्षण, सम्वर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा पाँच बर्ष काम गरेका प्रतिष्ठित युवामध्येबाट उपाध्यक्षको पदमा नियुक्ति गर्नु पर्नेछ । कुनै स्थानीय तहको क्षेत्रभित्र स्नातक तह उत्तीर्ण युवा नपाइएमा कक्षा १२ उत्तीर्ण गरेको युवालाई मनोनयन गर्न सकिनेछ ।

(६) मनोनित सदस्यको शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कक्षा १२ उत्तीर्ण भएको हुनु पर्नेछ नपाइएमा आधारभुत शिक्षा उत्तीर्ण गरेको युवालाई मनोनयन गर्न सकिनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकार :**

**यस नियममा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) युवासम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी स्थानीय सरकारसमक्ष सिफारिस गर्ने,

(ख) स्थानीय सरकारबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(ग) समितिसँग आवद्धता प्राप्त गर्ने संघ, संस्थाहरुले पालना गर्नु पर्ने शर्तहरु निर्धारण गर्ने,

(घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ङ) युवालाई स्थानीय तहतथा राष्ट्र निर्माणमा सहभागी हुन उत्प्रेरित गर्ने,

(च समितिको वार्षिक योजना कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(छ) युवा विकास, सशक्तीकरण एवं मूलप्रवाहीकरण सम्बन्धी विषयमा संघीय सरकार, प्रदेश सरकार  र स्थानीय सरकारलाई सुझाव दिने,

(ज) स्थानीय स्तरमा युवा जागरण, सशक्तिकरण र परिचालन गर्ने,

(झ  स्थानीय स्तरमा युवा सिप, उद्यमशिलता तथा नेतृत्व विकास गर्ने,

(ञ) युवाका क्षेत्रमा काम गर्न राष्ट्रीय युवा परिषद् र प्रदेश युवा परिषद्सँग समन्वय, सहकार्य गर्ने,

(ट) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

**५. समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षको निर्देशनमा उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समित्िको बैठक हुनुभन्दा कम्तीमा चौविस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूचीसहितको सूचना विकास समित्िका सदस्य-सचिवले सदस्यहरुलाई दिनेछ ।

(४) समितिमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा विकास समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको बैठकको निर्णय उपाध्यक्षले प्रमाणित गरी राख्नेछ ।

(८) कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद- ३

## युवा क्लब गठन तथा काम, कर्तव्य र अधिकार

**६. युवा क्लबको गठन**

(१) स्थानीय तहको प्रत्येक वडामा सम्बन्धित वडाको वडाध्यक्षको संरक्षकत्वमा युवाक्लब गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने युवाक्लबमा  सम्बन्धित वडाभित्रका युवा उमेर समुह ४० वर्ष सम्मका सम्पूर्ण युवाहरु युवाक्लबका साधारण सदस्य हुन सक्नेछन् ।

(३) वडामा गठन हुने वडास्तरीय युवाक्लबको एक कार्यसमिति रहने छ ।

(४) युवाक्लबका सदस्यहरुले कार्य समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष आफूहरुमध्येबाट छनौट गर्नेछन् । ५) पाँचजना सदस्यसहित नौ जनाको कार्यसमितिमा कूल सदस्य संख्यामा कम्तिमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।

(६) युवाक्लबका सदस्य चयन गर्नका लागि वडासमितिले यससम्बन्धी थप कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ ।

(७) युवाक्लबका पदाधिकारीहरुको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ ।

(८) वडास्तरीय युवाक्लबको सचिवालय सम्बन्धित वडा समितिको कार्यालयमा रहनेछ ।

(९) प्रत्येक वडामा ५० जना युवासम्मको टोल युवा क्लब गठन गर्न सकिनेछ । टोल युवाक्लबका युवाबाट वडा युवाक्लब गठन हुनेछ ।

**७. युवाक्लबको काम, कर्तव्य र अधिकार**

(१) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

(२) स्थानीय तहसँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माण गर्ने ।

(३) स्थानीय तहमा सञ्चालन हुने सरसफाइ, वातावरण, संरक्षण,बालअधिकार,मानव अधिकार, महिला अधिकार,शैक्षिक कार्यक्रम,लागु औषधविरुद्धका अभियान, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना अभियानहरुमा सक्रियतापूर्वक सहभागी हुने तथा कार्यक्रम सञ्चालन गर्ने ।

(४) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपदका बेला विपद् पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडासमिति, गाउँपालिकासँगको समन्वय  र सहकार्यमा स्थानीय युवा  परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

(५) राष्ट्रिय युवा परिषद र मातहतका निकायहरुमार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवालक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

(६) दिगो विकासका लक्ष्यहरुलाई आ(आफ्नो क्षेत्रमा स्थानीयकरण गरी कार्यान्वयन गर्न युवाको सार्थक सहभागिताकासाथ नेतृत्वदायी भूमिका खेल्ने ।

(७) प्रत्येक युवा क्लबले युवाको सहभागितामा वडासमितिको समन्वय र सहकार्यमा कम्तिमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ।

(८) राष्ट्रिय युवा परिषद् वा प्रदेश युवा परिषद् र स्थानीय तहबीच समन्वय र सहकार्य गरी युवालक्षित कार्यक्रमहरु सञ्चालन गर्ने ।

(९) सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुसाशन प्रवर्द्धनमा टेवा पुर्याउने ।

(१०) वडास्तरमा युवा तथ्याङ्क व्यवस्थापन गर्ने ।

## परिच्छेद- ४

**समितिसँग आवद्धता र कार्यक्रम सञ्चालन**

**८. युवा सम्बन्धी संघ, संस्थालाई आवद्धता प्रदान गर्नेः**

(१) युवाको हक, हितको संरक्षण र विकास गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका स्थानीय तहको क्षेत्रभित्र काम गर्न चाहने संघ संस्था समितिमा आबद्ध हुनु पर्नेछ ।

तर, राष्ट्रिय युवा परिषद् वा प्रदेश युवा परिषद्मा आवद्ध भइसकेका संघसंस्थाको हकमा यो उपनियम लागू हुने छैन ।

(२) आवद्धताका लागि तपसीलबमोजिमको विवरण खुलाई समितिसमक्ष अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन दिंदा सम्बन्धित संघ वा संस्थाको विधानसमेत संलग्न गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिम प्राप्त निवेदन दिने संघसंस्थालाई आवद्धता प्रदान गर्न उपयुक्त देखिएमा समितिले तोकेबमोजिमको दस्तुर लिई अनुसूची २ बमोजिमको ढाँचामा आवद्धता प्रदान गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम आवद्ध भएका संघ/संस्थाले प्रत्येक पाँच वर्षमा समितिले तोकेबमोजिमको दस्तुर बुझाई नवीकरण गर्नु पर्नेछ।

(६) उपनियम (४) बमोजिम समितिसँग आवद्ध भएका संघसंस्थाबाट कार्यान्वयन भएका कार्यक्रमहरुको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र समितिसमक्ष पेश गर्नु पर्नेछ।

(७) प्रचलित कानून विपरित कार्य गरेको पाइएमा, आवद्धता नवीकरण नगरेमा, लगातार दुई आर्थिक वर्षसम्म प्रतिवेदन नबुझाएमा, उद्देश्य बमोजिम कार्य नगरेमा संघसंस्थाको आवद्धता नवीकरण तथा आवद्धता रद्द गर्न सकिनेछ।

(८) समितिमा आवद्ध संघ/संस्थाले युवासम्बन्धी कार्यक्रम सञ्चालन गर्न कुनै प्रकारको सहायता लिँदा वा दिँदा समितिको पूर्व स्वीकृति लिनु पर्नेछ।

## परिच्छेद-५

**सचिवालय तथा लेखा व्यवस्थापन**

**९. समितिको सचिवालय :**

(१) स्थानीय तहका लागि संघीय सरकारबाट स्वीकृत संगठन संरचनाअनुसार युवासम्बन्धी विषय हेर्ने एकाइले समितिको सचिवालयको काम गर्नेछ।

**१०. लेखा र लेखापरीक्षण :**

(१) समितिले आफ्नो आय व्ययको लेखा र लेखा परीक्षण स्थानीय सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

## परिच्छेद-६

**विविध**

**११. भाग लिन नहुने:**

समितिको कुनै सदस्य वा पदाधिकारीले समितिको ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन।

**१२. उपसमिति वा कार्यदल गठन गर्न सक्ने :**

(१) समितिले यो नियम वा यस नियमअन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सो उपसमिति वा कार्यदल गठन गर्दाका बखत समितिले तोकेबमोजिम हुनेछ।

**१३. सेवा सुविधा तथा बैठक भत्ता :**

(१) समितिका अध्यक्ष, उपाध्यक्ष र सदस्य, तथा नियम १२ बमोजिमको उपसमिति वा कार्यदलका सदस्यले बैठकमा भाग लिए वापत स्थानीय सरकारको आर्थिक कार्यविधिबमोजिम सेवा सुविधा तथा बैठक भत्ता पाउनेछन्।

**१४. वार्षिक प्रतिवेदन :**

(१) समितिबाट कार्यान्वयन भएका कार्यक्रमहरुको वार्षिक प्रगती प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र स्थानीय कार्यपालिका र जिल्ला युवा समन्वय एकाइ समक्ष पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त युवाको क्षेत्रमा देखिएका मुद्दा, समस्या र चुनौती तथा सोको समाधानका उपायसमेतको विवरण उल्लेख गर्नु पर्नेछ ।

(३) समितिले आफूलाई प्राप्त स्रोत साधन, सम्पादन गरेका कार्य र तिनको उपलब्धी एवं गरेको अन्य काम कारवाहीको विवरण सर्वसाधारणको जानकारीको लागि प्रत्येक वर्ष प्रकाशन गर्नु पर्नेछ ।

**१५. निर्देशन दिन सक्ने :**

(१) स्थानीय सरकार र जिल्ला युवा समन्वय एकाइले समितिको काम कारवाही तथा सुधारको विषयमा आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्न सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशन, समन्वय र सहजीकरणको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१६. अधिकार प्रत्यायोजन :**

(१) समितिले यो नियमावलीबमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार समिति, अध्यक्ष, उपाध्यक्ष, कुनै सदस्य वा सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१७. शपथः**

समितिका पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची ३ बमोजिम शपथ लिनु पर्नेछ ।

**१८. सहयोग गर्नु पर्नेः**

समितिको काम कारबाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१९. समितिको विघटन :**

(१) समितिले यसनियमको उद्देश्य बमोजिम काम गर्न नसकेमा स्थानीय सरकारले जुनसुकै बखत समिति विघटन गर्न सक्नेछ ।

**२०. सम्पर्क राख्ने :**

समितिले नेपाल सरकार र प्रदेश सरकारसँग सम्पर्क राख्दा स्थानीय सरकार मार्फत राख्नु पर्नेछ ।

**२१. विनियम बनाउने अधिकार :**

(१) यो नियमावलीको अधीनमा रही समितिले आवश्यक विनियम, निर्देशिका, कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आर्थिक व्ययभार पर्ने विषयमा विनियम बनाउँदा समितिले कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची - १

## संस्थाहरूको आवद्धताका लागि दिइने निवेदनको ढाँचा (नियम ८ को उप नियम (२) सँग सम्बन्धित)

मिति :- ..............................

श्री मोदी गाउँपालिका युवा विकास समिति............ ।

विषयः–आवद्ध हुन पाऊँ ।

मोदी गाउँपालिका युवा विकास समिति नियमावली २०७५ को नियम ८ को उपनियम (२) बमोजिम समितिसँग आवद्ध हुन चाहेकाले देहायको विवरण खुलाई तथा कागजात संलग्न गरी आवद्धताका लागि यो निवेदन पेश गरेको छु। समितिसँग आवद्धता भए वापत पालन गर्नुपर्ने शर्तको पालना गर्न मञ्जुर छु।

१. सङ्घ् वा संस्स्थाको नाम :

२. सङ्घ् वा संस्स्थाको ठेगाना : (क) गाउँ : ................................................. ................ ................. (ख) जिल्ला : ...................... ............ (ग) फोन नम्बर :.................................... (घ) फ्याक्स न. ......................................... (ङ) इमेल :................................................ (च) वेभसाईट : ........................... .................... .....................

३. सङ्घ् वा संस्स्थाको उदेश्य :

(क)

(ख)

(ग)

(घ)

४. सङ्घ् वा संस्स्थाको नवीकरण बहाल रहने अवधि :

५. सङ्घ् वा संस्थाको कार्य समितिका सदस्यहरुको नाम र ठेगाना :

(क)

(ख)

(ग)

(घ)

(ङ)

६. संलंलग्न कागजातहरु :

(क) सङ्घ वा संस्था दर्ताको प्रमाणपत्र :

(ख) निवेदक सङ्घ वा संस्थाको विधानको प्रतिलिपि :

(ग) पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन :

(घ) सङ्घ वा संस्थाको तर्फबाट आवद्धताको लागि निवेदन दिने व्यक्तिलाई सो गर्न अधिकार दिएको निर्णयको प्रतिलिपि :

संस्थाको छाप :

निवेदकको :- नाम, थर :

ठेगानाः

दस्तखत : पद :

सङ्घ वा संस्थाको नाम :

ठेगाना :

## अनुसूची - २

( नियम ८ को उपनियम (४) सँग सम्बन्धित)

**समितिसँग आवद्धताको प्रमाणपत्रको ढाँचा**

समितिसँग आवद्ध हुन पाऊँ भनी .................................................. (संघ वा संस्थाको नाम र ठेगाना) ले मिति .............................. मा दिएको निवेदन उपर कारवाही हुँदा समितिको मिति .................. ........ को निर्णयानुसार त्यस संघ वा संस्थालाई स्थानीय युवा विकास समिति नियमावली, २०७५ को नियम ८ को उपनियम (४) बमोजिम समितिसँग आवद्ध गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

१. आवद्धता नम्बरः

२ आवद्धता कायम रहने अवधिः : यो आवद्धताको नवीकरण गराएको अवस्थामा वाहेक मिति ....................... सम्म कायम रहनेछ।

प्रमाण-पत्र जारी गर्ने अधिकारीको                                        समितिको छाप

नाम, थर :-

पद :-

मिति :-

पछाडीपट्टी नवकिरण सम्बन्धी विवरण

| सि. नं. | नवीकरण गर्ने कर्मचारीको नामथर | दर्जा | दस्तखत | जारी मिति | अवधि |
|---|---|---|---|---|---|
| | | | | | |

:

## अनुसूची ३
(नियम १७ सँग सम्बन्धित)

शपथ

म................................................ (शपथ लिने व्यक्तिको नाम) ................................ मुलक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु देश र जनताका नाममा शपथ लिन्छु कि ........................ पालिका स्थानीय तह युवा विकास समितिको .............................. पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझे सम्म कर्तव्य सम्झी देश तथा समितिप्रति वफादार रही, भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधीनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन।

**शपथ ग्रहण गर्नेको :**

नाम :

दस्तखत :

मिति :

पद :

कार्यालय :

**शपथ ग्रहण गरेको प्रमाणित गराउनेको:**

नाम :

दस्तखत :

मिति :

पद :

**प्रमाणिकरण मितिः २०७५।१०।१७**

**आज्ञाले,**

**कुमान सिंह गुरुङ**

**प्रमुख प्रशासकीय अधिकृत**